**आज मिति २०७६ चैत्र ७ गते, शुक्रबार बिहान ८:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :**

***<u>उपस्थिति</u>***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी  मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. प्रमुख प्रशासकीय अधिकृत श्री इन्द्र प्रसाद बस्याल

**विषयहरु :**

१. छैटौं नगरसभा सम्बन्धमा ।

२. विविध ।

**निर्णयहरु :**

१. भक्तपुर नगरपालिका क्षेत्रको सरसफाई सम्बन्धी विधेयक–२०७६ सम्बन्धी छलफल गरी भक्तपुर नगरपालिकाको छैटौं नगरसभामा निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।

२. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. जुद्ध वारुण यन्त्र कार्यालय, भक्तपुरले हाल कार्यालय संचालन भएको स्थानमा नयाँ भवन निर्माण गरिने भएकोले तत्काल कार्यालय संचालन भएको स्थानको नजिक सिद्ध पोखरी वरिपरि जनशक्ति सहित कार्यालय स्थानान्तरण गर्नुपर्ने भएकोले दुई वर्षका लागि नयाँ भवन निर्माण भएपछि आफ्नै कार्यालयमा फर्किने गरी हाललाई अस्थायी रुपको व्यवस्थापनमा जग्गा र भवन उपलब्ध गराई सहयोग गरिदिनको लागि अनुरोध भैआएको सम्बन्धमा छलफल गर्दा बढीमा २ वर्षभित्रमा खाली गर्ने गरी सिद्ध पोखरी परिसरको दक्षिणी क्षेत्रमा अस्थायी टहरा निर्माण गरी दमकलको सेवा संचालन गर्न अनुमति दिने निर्णय गरियो ।

ख. तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजनाको २०७६।११।१२६ गते जग्गा सट्टापट्टा सम्बनधी २१ दिने सूचना अनुसार म्यादभित्र पर्न आएका जग्गा सट्टापट्टा सम्बन्धी तपसिलका जग्गा धनीहरुबाट प्राप्त २(दुई) थान निवेदन बैठकमा प्रस्तुत भई जानकारी भयो ।

तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजनाको २०७६।११।१२ को मितिबाट लेखी आए अनुसार भक्तपुर नगरपालिकाबाट निर्माणाधीन ख्वप अस्पताल भवन वरिपरिको केही जग्गा विक्री प्लट अस्पतालको लागि आवश्यक भएकोले आयोजनाको विक्री प्लट जग्गासंग सट्टापट्टा गर्न इच्छुक जग्गा धनीहरुलाई निवेदन दिन प्रकाशित सूचना अनुसार पर्न आएका निवेदनहरुमा आयोजना सहयोग समितिको २०७६।११।८ को बैठकले तपसिलका जग्गाहरु सट्टापट्टा गर्न उपयुक्त देखी यस न.पा.मा निर्णयको लागि पेश हुन आएको विषयमा छलफल गर्दा आयोजनाले तोकेको मूल्यमा सट्टा पट्टा गर्न प्रस्ताव भै आएको व्यहोरा मनासिव देखिंदा आयोजनाबाट पेश भए बमोजिम तपसिलको जग्गा सट्टापट्टा गर्न स्वीकृति दिने निर्णय गरियो :

<u>तपसिल</u>

| दिन चाहेको जग्गा विवरण | | | | | |
|---|---|---|---|---|---|
| जग्गा धनीको नाम | नक्सा नं. | कि.नं. | क्षे.फ. | आयोजनाको हाल कायम मूल्य प्रति वर्ग मि. | जम्मा |
| सत्यमाया प्रजापति | १छ२ | १५ | ०-२-२-० (८१.१२ ब.मि.) | ५२,१७०।०० | ४२,३२,०३०।०० |
| कृष्णमाया कुसी | १छ२ | १२ | ०-३-०-३.४९ (१०२. ३३ ब.मि.) | ५०,३९२।०० | ५१,५६,६१४।०० |

| लिन चाहेको आयोजनाको विक्री प्लट जग्गाको विवरण | | | | | |
|---|---|---|---|---|---|
| जग्गा धनीको नाम | नक्सा नं. | कि.नं. | क्षे.फ. | आयोजनाको हाल कायम मूल्य प्रति वर्ग मि. | जम्मा |
| आयोजनाको विक्री प्लट (सत्यमाया) | १छ४ | ११२ | ०-३-१-०.२७ (१०३.८९ ब.मि.) | ७८,६२६।०० | ८१,५८,४५६।०० |
| आयोजनाको विक्री प्लट (कृष्णमाया) | १छ७ | ६५ | ०-४-२-२ (१४७.०५ ब.मि.) | ४३,३२३।०० | ६३,७०,६४७।०० |

ग. भक्तपुर नगरपालिकाको वडा नं. १ देखि १० सम्मका वडाका जनप्रतिनिधिहरु, नेपाल विद्युत प्राधिकरणका प्राविधिकहरु र भक्तपुर नगरपालिकाका प्राविधिक समेतको संयुक्त टोलीले भक्तपुर नगरपालिका क्षेत्रभित्रका सडक बत्तीहरुको स्थलगत निरीक्षण गरी सो सम्बन्धी प्रतिवेदन तयार गरी प्राविधिक हरिरत्न ध्वोजुबाट प्रतिवेदन पेश भएकोमा उक्त प्रतिवेदनमाथि छलफल हुंदा उक्त सडक बत्ती अध्यावधिक प्रतिवेदन अनुसार सडक बत्ती महसुल निर्धारण गरी प्रतिवेदन कार्यान्वयन गर्न नेपाल विद्युत प्राधिकरण भक्तपुर वितरण शाखालाई प्रतिवेदनको प्रतिलिपी उपलब्ध गराई पत्राचार गर्ने निर्णय गरियो ।

घ. बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयबाट बागीश्वरी माध्यमिक विद्यालय, च्याम्हासिंहलाई विद्यालय क्षेत्र विकास योजनाको अवधारणा अनुसार नमूना विद्यालयको रुपमा विकासगर्न छनौट भएकोमा सो विद्यालयको विद्यालय व्यवस्थापन समितिबाट विद्यालय भवन तथा संरचना निर्माण र अन्य भौतिक पूर्वाधार विकासको विद्यालय सुधार गुरु योजना तयारगरी पांच वर्षे

२०८० सालसम्ममा सम्पन्न गर्ने विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी पेश गरेकोमा आवश्यक छलफल गरी भक्तपुर नगरपालिकाको छैटौं नगरसभाको बैठकमा निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।

ङ. भक्तपुर नगरपालिका वडा नं. ३ मा रहेको तलेजु मन्दिरको परिसरमा रहेको करिब ३२९ वर्ष पुरानो दुई वटा ऐतिहासिक नगराहरुलाई सिद्धि लक्ष्मी मन्दिर अगाडिको ताहा सत्तल (तव सत्तल) को पहिलो तल्लाको पश्चिम भागमा पुनः स्थापना गरिएको नगरालाई दैनिक रुपमा विहान र बेलुकी दुई पटक बजाउनको लागि भक्तपुर न.पा.वडा नं. ३ बस्ने हरेराम ठिमी र पुनेराम ठिमीलाई प्रतिव्यक्ति मासिक रु.५,०००।- का दरले पारिश्रमिक उपलब्ध गराउने । निजहरुको भक्तपुर न.पा. पर्यटक सेवा केन्द्रमा दैनिक हाजिरी राखी सो केन्द्रका इन्चार्जको निर्देशनमा कामकाज गर्ने गरी २०७६ चैत्र १ गतेदेखि लागू हुने गरी हाल २०७७ आषाढ मसान्तसम्म सेवा करारमा सम्झौता गर्ने र निजहरुको कार्य सन्तोषजनक रहेमा प्रत्येक आ.व.को लागि सेवा करार सम्झौता थप गर्दै जाने निर्णय गरियो ।

च. ऐतिहासिक एवं पुरातात्विक क्षेत्र जगन्नाथ क्षेत्र, साकोथा क्षेत्र तथा तालादोम्फो क्षेत्रमा निजी आवास बनाइरहेका स्थानीय नगरबासीहरुसंग आपसी छलफल गरी लिवाली क्षेत्रमा नगरपालिकाको नाममा रहेका जग्गाहरु मध्ये उपयुक्त जग्गासँग सट्टापट्टा गर्नको लागि राय सुझाव दिन भनी मिति २०७५।११।२० मा गठन भएको कार्यदलले पेश गरेको निम्न प्रतिवेदनमा छलफल भयो ।

प्रतिवेदनः-

ऐतिहासिक एवं पुरातात्विक क्षेत्र जगन्नाथ क्षेत्र, साकोथा क्षेत्र तथा तालादोम्फो क्षेत्रमा निजी आवास बनाइरहेका स्थानीय नगरबासीहरुसँग आपसी छलफल गरी लिवाली क्षेत्रमा नगरपालिकाको नाममा रहेका जग्गाहरु मध्ये उपयुक्त जग्गासँग सट्टापट्टा गर्नको लागि राय सुझाव दिन भनि मिति २०७५।११।२० मा कार्यदल गठन भई कार्य प्रक्रिया अगाडि बढेकोमा कार्यदलले सम्बन्धित जग्गाधनी, धरधनीहरुसंग पटक पटक छलफल गरी सुझाव दिएको आधारमा हाललाई सफुकोठा क्षेत्र तथा जगन्नाथ क्षेत्रको ऐतिहासिक महत्वलाई संरक्षण गर्ने गरी सम्बन्धित जग्गाधनी, घरधनीहरुलाई नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको उपयुक्त जग्गा सट्टापट्टा वा न्यूनत्तम मूल्यमा खरिद गर्ने प्रक्रिया अघि बढाउने साथै कार्य सम्पन्न नभएसम्मको लागि कार्यदलको म्याद थप गर्ने भनि मिति २०७५।१२।२९ मा तथा भ.न.पा. वडा नं. ८ लिवाली क्षेत्रमा न.पा.ले

निर्माण गरिरहेको खेलकुद कभर्ड हलका लागि थप जग्गा प्राप्तिका लागि नजिकैको जग्गावालासँग वार्ता गरी लिवाली आवास क्षेत्रभित्र नै न.पा.को स्वामित्वमा रहेको उपयुक्त जग्गा सट्टापट्टा र खरिद बिक्री गर्न सिफारिसका लागि भ.न.पा. ७ का वडाध्यक्ष उकेश कवांको संयोजकत्वमा गठित वार्ता समितिलाई जिम्मेवारी दिने भनी मिति २०७६।८।५ मा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठकबाट निर्णय भएको ।

उपरोक्त कार्यादेश अनुसार कार्यदलले मिति २०७५।११।२६, २०७५।११।२७, २०७५।११।२९, २०७५।१२।४, २०७५।१२।५, २०७५।१२।१४, २०७५।१२।१७, २०७६।१।५, २०७६।१।८, २०७६।१।११, २०७६।१।१५, २०७६।१।३०, २०७६।२।१, २०७६।२।२८, २०७६।२।२९, २०७६।३।१, २०७६।४।१३, २०७६।८।२०, २०७६।८।२४, २०७६।८।२९ र २०७६।९।१० मा सम्बन्धित जग्गाधनीहरु घरधनीहरुसंग छलफल गरेको ।

सम्बन्धित घरधनी र जग्गाधनीहरुसंग भएको पटक पटकको छलफल र वार्ताबाट निम्न घरधनी र जग्गाधनीहरुबाट तपसिल बमोजिमको घर जग्गा सट्टापट्टा वा खरिद गरी लिनुपर्ने देखिएको

तपसिल – १

| क्र.सं. | वडा नं. | कि.नं. | क्षे.फ. | ज.ध. | लिने प्रयोजन |
|---|---|---|---|---|---|
| १ | ८(हाल ५) | ९७५ | ०–२–०–२ | हिराकाजी कपाली समेत | जगन्नाथ क्षेत्र उत्खनन |
| २ | ११ (हाल) ५) | १४३ | ०–२–०–१ | सुरेन्द्र वैद्य | सफुकुथी पुन:निर्माण |
| ३ | ११ (हाल ५) | १०४३ | ०–०–१–३ | सुरेन्द्र नागा | सफुकुथी पुन:निर्माण |
| ४ | ११ (हाल ५) | १०४२ | ०–१–२–० | हर्षमाया कुस्ले समेत | जगन्नाथ क्षेत्र उत्खनन |
| ५ | १४ हाल ४ | ५२० | ०–१–१–१ | हर्ष माया कुस्ले समेत | तालाकोदम्फो संरक्षण |
| ६ | २ङ७ (हाल ८) | १६४ | ६८६.५८ व.मि.<br>१–५–२–१.४५ | विना मैया सुवाल | कभर्ड हल निर्माण |

उक्त जग्गा तथा घरधनीहरु मध्ये साविक भ.न.पा. वडा नं. ८ हाल ऐ. वडा नं. ५ कि.नं. १४३ कि.नं. ०–२–०–१ को जग्गा कार्यदलको मिति २०७५।२।२९ र ३।१ गते बसेको बैठकले समेत सिफारिस गरे बमोजिम भक्तपुर नगरपालिकाको नाममा खरिद गरिसकेको, अन्य जग्गा तथा घर जग्गामध्ये हिराकाजी समेतको नाममा दर्ता कायम भ.न.पा. वडा नं. ८ हाल ऐ. ५ कि.नं. ९७५ क्षे.फ. ०–२–०–२ को जग्गा संग भक्तपुर नगरपालिकाको नाममा कायम भ.न.पा. वडा नं. २(ङ)२ हाल ऐ. वडा नं. ८ कि.नं. ४ क्षे.फ. ०–७–०–१ को जग्गा सट्टापट्टा गरी लिन मन्जुर भएको भनी मिति २०७६।९।१ मा निवेदन गरेको देखिएको, यस्तै भ.न.पा. वडा नं. ८ हाल ऐ. ५ कित्ता नं. १०४२ क्षे.फ. ०–१–२–० को जग्गा र भ.न.पा. वडा नं. १४ हाल ऐ. ४ कित्ता नं. ५२० क्षे.फ. ०–१–१–१ को घर जग्गा समेत संग सट्टापट्टा गरी दिन र लिन चाहेको जग्गाको भक्तपुर नगरपालिकाको नाममा कायम भ.न.पा. वडा नं. २(ङ)२ हाल ऐ. वडा नं. ८ कि.नं. ६३ क्षे.फ. ०–७–१–३ को जग्गा र थप रकम रु. ३५,००,०००।– (पैतिस लाख रुपैया)

मा जग्गाधनीहरु- हर्षमाया कुस्ले र राम कपाली समेतलाई लिई सट्टापट्टा गरी लिन मन्जुर भएको भनी मिति २०७६।९।८ मा निवेदन गरेको देखिएको र भ.न.पा. वडा नं. २(ङ)७ हाल ऐ. ८ कि.नं. १६४ क्षे.फ. ६८६.५८ व.मि.को जग्गासँग भक्तपुर नगरपालिकाको नाममा कायम भ.न.पा. वडा नं. २(ङ)७ हाल ऐ. वडा नं. ८ कि.नं. ३७ क्षे.फ. १०५.५ व.मि., ऐ. कि.नं. २८ क्षे.फ. २९६.३१ व.मि. र ऐ. २(ङ)४ कि.नं. ८५ क्षे.फ. २६२.९२ व.मि. का कित्ताहरुसँग सट्टापट्टा गरी लिन मन्जुर भएको भनी २०७६।८।१५ गते भक्तपुर नगरपालिकामा निवेदन पेश गरेको देखिएको ।

उपरोक्त घर जग्गाधनीहरुले आफ्नो घर जग्गासँग सट्टापट्टा गरी लिन चाहेको र दिन चाहेको घर जग्गाहरुको विवरण देहाय बमोजिम देखिन्छ ।

तपसिल २ (क)
नगरपालिकालाई दिन चाहेको जग्गा

| क्र.सं. | वडा नं. | कि.नं. | क्षे.फ. | किसिम (सडक विवरण/खण्ड) | ज.ध. |
|---|---|---|---|---|---|
| १ | ८(हाल ५) | ९७५ | ०-२-०-२ | नखुलाएको | हिराकाजी कपाली समेत |
| २ | ११(हाल) ५) | १४३ | ०-२-०-१ | नखुलाएको | सुरेन्द्र वैद्य |
| ३ | ११ (हाल ५) | १०४३ | ०-०-१-३ | नखुलाएको | सुरेन्द्र नागा |
| ४ | ११ (हाल ५) | १०४२ | ०-१-२-० | नखुलाएको | हर्षमाया कुस्ले समेत |
| ५ | १४ हाल ४ | ५२० | ०-१-१-१ | नखुलाएको | हर्ष माया कुस्ले समेत |
| ६ | २ङ७ (हाल ८) | १६४ | ६८६.५८ व.मि.<br>१-५-२-१.४५ | नखुलाएको | विना मैया सुवाल |

तपसिल २ (ख)
नगरपालिकाबाट लिन चाहेको जग्गा

| क्र.सं. | वडा नं. | कि.नं. | क्षे.फ. | जग्गासंग सटिएको सडकको अवस्था |
|---|---|---|---|---|
| १ | २(ङ)२ | ४ | ०-७-०-१ | ९ मि. |
| २ | २(ङ)२ | ६३ | ०-७-१-३ | ७ मि. |
| ३ | २(ङ)४ | ८५ | २६२.९२ व.मि.<br>०-८-१-०.२८ | ९ मि. |
| ४ | २(ङ)७ | २८ | २९६.३१ व.मि.<br>०-९-१-१.०८ | ७ मि. |
| ५ | २(ङ)७ | ३७ | १०५.५ व.मि.<br>०-३-१-१ | ७ मि. |

माथि तपसिल- १ खण्डमा उल्लेखित घर जग्गा सोही खण्डमा उल्लेखित प्रयोजनका लागि नगरपालिकाले लिनु पर्ने देखिएको अनुरोध गर्दै उक्त जग्गाहरुसँग तपसिल २(ख) का जग्गाहरु नगरपालिकाबाट लिई सट्टापट्टा गर्न सहमति भएको व्यहोराको सम्बन्धित घर जग्गाधनीहरुको प्रारम्भिक निवेदनसमेत नगरपालिकामा पेश भएको अवस्था देखिंदा तपसिल- १ खण्डमा उल्लेखित घर जग्गासँग के कस्तो सडक जोडिएको हो वा के कस्तो खण्ड अन्तर्गतको जग्गा हो र सो अनुसार उक्त घर जग्गाको मूल्य के कति पर्ने हो सो समेत खुलाउन लगाई उक्त

घर जग्गासँग नगरपालिकाद्वारा संचालित लिवाली जग्गा एकीकरण आयोजना क्षेत्रभित्र हाल नगरपालिकाको नाममा रहेको तपसिल २(ख) मा उल्लेख भएको वा सोही किसिमको अन्य बाँकी जग्गा भए लिवाली जग्गा एकीकरण आयोजनाबाट विवरण लिई प्राप्त विवरण अनुसारको जग्गा मध्ये के कुन जग्गासँग के कुन आधारमा (घर जग्गा सट्टापट्टा गरी दिन र लिन चाहेको घर जग्गाको तुलनात्मक मूल्य विवरण सम्बन्धित घर जग्गाधनीबाटै खुलाउन लगाई) घर जग्गा सट्टापट्टा गरी लिने दिने सम्बन्धमा सम्बन्धित घर जग्गाधनीहरुलाई तपसिल बमोजिमको सूचना जारी गर्ने र सो सूचनाको आधारमा प्राप्त भएको प्रस्तावहरुमा सम्बन्धित घर जग्गाधनीले सट्टापट्टा गरी वा बिक्री गर्न चाहेको भनी उल्लेख गरेको विवरण र मूल्यका सम्बन्धमा सिफारिस गर्न यस कार्यदलका संयोजकको संयोजकत्वमा कार्यदलका सदस्यहरु एवं जिल्ला प्रशासन कार्यालय भक्तपुरका अधिकृत प्रतिनिधि, भूमि सुधार तथा मालपोत कार्यालय भक्तपुरका अधिकृत प्रतिनिधि, कोष तथा लेखा नियन्त्रण कार्यालय भक्तपुरका प्रतिनिधि, जिल्ला नापी कार्यालय भक्तपुरका प्रतिनिधि, लिवाली जग्गा एकीकरण आयोजनाका प्रमुख, भक्तपुर नगरपालिका योजना शाखाका प्रमुख र भक्तपुर नगरपालिका खरिद इकाईका संयोजक समेत रहने गरी मूल्यांकन प्रतिवेदन समिति गठन गरी सो समितिको सिफारिस अनुसार कार्यपालिकाको निर्णयबाट उक्त घर जग्गाहरु सट्टापट्टा गर्न वाञ्छित हुने व्यहोराको सिफारिस प्रतिवेदन पेश गर्दछौं ।

प्रस्तुत प्रतिवेदनमाथि छलफलबाट प्रतिवेदनमा उल्लेख भए बमोजिम ऐतिहासिक एवं पुरातात्विक क्षेत्र जगन्नाथ क्षेत्र, साकोथा क्षेत्र तथा तालादोम्फो क्षेत्रमा निजी आवास बनाइरहेका स्थानीय नगरबासीहरुसँग आपसी छलफल गरी लिवाली क्षेत्रमा नगरपालिकाको नाममा रहेका जग्गाहरुमध्ये उपयुक्त जग्गासँग सट्टापट्टा गर्नको लागि राय सुझाव दिन गठित कार्यदलका संयोजकको संयोजकत्वमा कार्यदलका सदस्यहरु, जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि, भूमि सुधार तथा मालपोत कार्यालय भक्तपुरका अधिकृत प्रतिनिधि, कोष तथा लेखा नियन्त्रण कार्यालय भक्तपुरका प्रतिनिधि, जिल्ला नापी कार्यालय भक्तपुरका प्रतिनिधि, लिवाली जग्गा एकीकरण आयोजनाका प्रमुख, भक्तपुर नगरपालिका योजना शाखाका प्रमुख र भक्तपुर नगरपालिका खरिद इकाईका संयोजक सदस्य रहने गरी मूल्यांकन समिति गठन गरी माथि उल्लेखित घर जग्गा सट्टापट्टा वा खरिद गर्न प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

छ. यस नपाको  फोहोर संकलन गर्ने ना २ स ९७९ नं. को इलेक्ट्रिक ट्राइसाइकलको एम्लिफायर मर्मत वापत रु. २०००।- बास नेशनल साउण्ड सिस्टमलाई भुक्तानी दिने निर्णय गरियो ।

ज. नपाको तीनपाङ्ग्रे साइकल मर्मत गर्दाको रु. ८००। लक्ष्मी अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

झ. नपाको फोहोर संकलन गर्ने गाडी नं  बा १ क ४५५४ को मर्मत गर्दाको रु.३६,४१४।२५ सिद्धि गणेश मोटर पार्टस् लाई भुक्तानी दिने निर्णय गरियो ।

ञ. नपामा विभिन्न समयमा खाजा वापत रु. ३००३०। ब्रदर्स क्याफेलाई भुक्तानी दिने निर्णय गरियो ।

ट. नपाको मिति २०७६।११।२२ गतेको बोर्ड बैठकको  लागि खाजावापत रु.८,७५७।५० सूर्यविनायक पार्टी भेन्यूलाई भुक्तानी दिने निर्णय गरियो ।

ठ. मिति २०७६।११।१९ गते रसियन साँस्कृतिक समूह अतिथि सत्कार खाजा वापत रु. ३६,३८८।८२ होटल स्वीट होमलाई भुक्तानी दिने निर्णय गरियो ।

ड. नपाको कार्यरत कर्मचारीहरुको खाना वापत रु.२,४२०।- सुवर्ण भोजनालयलाई भुक्तानी दिने निर्णय गरियो ।

ढ. भक्तपुर नगरपालिकाका कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवालले पाक शिक्षा तालिमका लागि रु.१,००,०००।- पेश्की लिई रु. ८०,७२४।- खर्च गरी रु. १९,२७६।- बैक दाखिला गरी निजको नाममा रहेको पेश्की फछ्यौंट गरियो ।

ण. भक्तपुर महोत्सव २०२० को लागि निम्नानुसार खर्च भएको बैठकबाट अनुमोदन गरियो :

| | |
|---|---|
| तलब | ३,२३,२६६।- |
| विशेषज्ञ परामर्श सेवा | १,६६,८००।- |
| अन्य कार्यालय सामान | ७,४७५।- |
| मसलन्द सामग्री | २३,२१०।- |
| विविध | ६९,३२५।- |
| प्रचार प्रसार सामग्री | ५,४६६३७।- |
| जम्मा | ११,३६,७१३।- |

त. वडा नं २ का वडाअध्यक्ष श्री हरिप्रसाद बासुकलाले वृद्ध भत्ताको दोस्रो किस्ता वितरण गर्न रु.६९,५२,०००।- लिई रु. ६६,८९,६००।- वितरण गरी बांकी रु. २,६२,४००।- बैंक दाखिला गरेको बैंठकमा जानकारी गराइयो ।

थ. वडा नं. ५ का वडाअध्यक्ष श्री प्रेमगोपाल कर्माचार्यले वृद्ध भत्ताको दोस्रो किस्ता वितरण गर्न रु. ७६,३०,४००।- लिई रु. ६७,५०,४००।- वितरण गरी बाकी रु. ८,८०,०००।- बैंक दाखिला गरेको बैंठकमा जानकारी गराइयो ।

द. वडा नं. ९ का वडाअध्यक्ष श्री रविन्द्र ज्याख्वले वृद्ध भत्ताको दोस्रो किस्ता वितरण गर्न रु. ८५,९७,६००।- लिई रु. ७२,६५,०००।- वितरण गरी बांकी रु. १३,३२,०००।- बैंक दाखिला गरेको बैंठकमा जानकारी गराइयो ।

ध. नपामा विभिन्न समयमा फलफूल र जुस उपलब्ध गराए वापत रु.१७,९५५।- एच. एस. जुस सेन्टरलाई भुक्तानी दिने निर्णय गरियो ।

**न. मिति २०७६ पौष १५ गते पर्यटन वर्ष २०२० को अवसरमा आयोजित सन्ध्याकालिन सम्पदा क्षेत्र पैदलयात्रा कार्यक्रममा आतिथ्य सत्कारका लागि योमरी व्यवस्थापन तथा स्थानीय वाकुपति नारायण मन्दिर र सूर्यमढी क्षेत्रमा दिपावली गर्दाको खर्च रु.३४,२००।- प्रगति पुस्तकालयलाई भुक्तानी दिने निर्णय गरियो ।**

**प. मिति : २०७६/१२/०७ गते बसेको निर्माण समितिको निम्न निर्णयहरू अनुमोदन गरियो :**

| क्र. सं. | योजनाको विवरण | वडा नं. | ल.ई. रकम | रि.ल.ई.रकम | मूल्याङ्कन | खुद खर्च | पेश्की | भक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | |
| १ | महाकाली पिठ संरक्षण कार्य | ६ | २,६१४,४१२।५७ | | | | | | २०,००,०००। प्रदेश सरकारबाट र बांकी ६१४४१२।५७ भनपाको पशुवधशाला शिर्षकबाट व्यहोर्ने | |
| **उपभोक्ता समिति गठन सम्बन्धमा** | | | | | | | | | | |
| १ | सल्लाघारी स्थित नपली सृजनानगर बाटो पीच कार्य | १ | २,८३८,०१७।२६ | उ.स.अ | अमृत बस्नेत | अ.सं.स. | सूर्यप्रसाद श्रेष्ठ | | वागमती प्रदेश सांसद कोष | |
| २ | हनुमानघाट आदर्श वासिकचा बाटो पीच कार्य | ७ | २,९६०,९५९।८६ | उ.स.अ | गोपाल त्वायना | अ.सं.स. | हरिरत्न गोर्खाली | | वागमती प्रदेश सांसदकोष | |
| ३ | शारदा माविमा ढुङ्गा छपाई कार्य | २ | २,४९८,८०५।०० | उ.स.अ | रत्नभक्त ग्वायमरू | अ.सं.स. | रत्नकाजी नायोभारी | | वागमती प्रदेश सांसद कोष | |
| ४ | बिलाछें (भण्डार घर) को छाना मर्मत कार्य | ३ | ५१७,७३३।०० | उ.स.अ | शिवसुन्दर धुख्वा | अ.सं.स. | कृष्णगोपाल चौगुठी | | नपा | |
| **पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | |
| १ | बाराही पुलदेखि बाराही पीठ हुँदै अरनिको राजमार्गसम्म पेटी निर्माण कार्य | ३ | १,०८१,१५७।१८ | | ७५१,८३३।५० | ६८९,९८८।०० | ३००,०००।०० | ३८९,९८८।०० | सडक बोर्ड नेपाल/भनपा | कार्य सम्पन्न |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | क्वाठण्डौंदेखि नवदुर्गा द्योछैंसम्म बाटो मर्मत कार्य | १० | १,०१०,६८१।८० | | १,१०५,९०४।१७ | ४९१,७५४।९२ | ३३०,०००।०० | १६१,७५४।९२ | सडक बोर्ड नेपाल/भनपा | आंशिक पे.फ. दोस्रो पेश्की माग चार लाख |
| ३ | मंगलतीथदेखि राममन्दिरसम्म बाटो मर्मत कार्य | ३ | २,८९०,४६३।४३ | | २,६३६,०५२।३४ | २,१७९,६००।०० | ९००,०००।०० | १,२७९,६००।०० | नपा | |
| ४ | देकोचादेखि ख्वप कलेजसम्म बाटोको दायाँ पेटी निर्माण कार्य | ६ | ३,३७०,५८९।२५ | | १,४७९,३८३।४० | १,१६३,०२४।१४ | १,१००,०००।०० | ६३,०२४।१४ | नपा | |
| ५ | साकोठा दरबार क्षेत्र खौमा हुँदै इताछैंसम्म सी.सी.टीभी मर्मत तथा नयाँ जडान कार्य | २,३,५ | ४९१,४०६।४९ | | ४८५,९४६।२३ | ४३०,९३२।२३ | | ४३०,९३२।२३ | नपा | २३,५००। वार्षिक मर्मत सम्भार बाहेक खर्च समर्थन कार्य सम्पन्न (१ वर्ष भुक्तानी पछि) |
| ६ | भनपाको जमिन तल्लामा दर्ता चलानी इकाई कोठाको लागि बुट्टेदार काठको काउण्टर बनाउने योजना | २ | १,०९७,५०६।३१ | | ९८५,६२४।२८ | १०२७०४०।०५ भ्याटसहित | | १,०२७,०४०।०५ | नपा | २२ वर्ग फिट परिमाण बुट्टा कार्य बढी भएको |

**कोटेशन स्वीकृत सम्बन्धमा**

| | |
|---|---|
| १ | ब्रम्हायणी बहुउद्देश्यीय भवनको लागि टायल खरिदको लागि भ.न.पा.मा सूचिकृतहरूसँग कोटेशन माग गरिएकोमा सबभन्दा न्यूनत्तम अङ्क कबोल गर्ने कम्पनी शेरवीन वाथ एण्ड किचेन कलंकी काठमाडौंको कोटेशन स्वीकृत गर्ने निर्णय गरियो । |
| २ | ब्रम्हायणी बहुउद्देश्यीय भवनको लागि ग्राविल खरिदको लागि भ.न.पा.मा सूचिकृतहरूसँग कोटेशन माग गरिएकोमा कम्पनी गजेण्डा ट्रेडिङ्ग प्रा.लि. काठमाडौंको प्रति वर्गफिट रू.१७०।। स्वीकृत गर्ने निर्णय गरियो । |
| ३ | ब्रम्हायणी बहुउद्देश्यीय भवनको लागि कोता स्टोन खरिदको लागि भ.न.पा. सूचिकृतहरूसँग कोटेशन माग गरिएकोमा सबभन्दा कम न्यूनत्तम हारती माता कन्स्ट्रक्सन प्रा.लि. को प्रति वर्गफिट रू.१४५।। स्वीकृत गर्ने निर्णय गरियो । |
| | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| भुक्तानी सम्बन्धमा | | | | | | | | | | |
| १ | ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माणको लागि कोटा स्टोन ३४१० वर्ग फिट उपलब्ध गराए बापत | ९ | | | | | | ४९४,४१६।९२ | | हारती माता कन्स्ट्रक्सन प्रा.लि. लाई भुक्तानी दिने निर्णय गरियो । |
| २ | ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माणको लागि आवश्यक गिति १६.३४ घ.मि. र बालुवा ९३.५१ घ.मि. उपलब्ध गराए वापत | ९ | | | | | | ३६१,४७१।१२ | | शुलोक ट्रेडिङ्ग कम्पनीलाई भुक्तानी दिने निर्णय गरियो । |
| ३ | ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माणको लागि आवश्यक सिमेन्ट उपलब्ध गराए बापत | ९ | | | | | | ४७७,५४२।५२ | | सिरूवा कन्स्ट्रक्सन कम्पनी प्रा.लि. लाई भुक्तानी दिने निर्णय गरियो । |
| ४ | ब्रम्हायणी बहुउद्देश्यीय भवनको लागि आवश्यक फर्निचर तथा हार्डवेयर सम्बन्धी सामाग्री उपलब्ध गराए बापत | ९ | | | | | | १४९,८१०।८८ | | आर.पि. प्लाइउड सेन्टरलाई भुक्तानी दिने निर्णय गरियो । |
| ५ | ब्रम्हायणी बहुउद्देश्यीय भवन निर्माणको लागि आवश्यक सेरामिक टायल उपलब्ध गराए वापत | ९ | | | | | | ३४७,६९३।०९ | | शेरवीन वाथ एण्ड किचेनलाई भुक्तानी दिने निर्णय गरियो । |